स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



डेब्यू फिल्म 'ए मेरो हजुर ३'बाटै 'स्टार'को ट्याग पाएकी सुहाना थापा 'स्टार किड्स' हुन् । आमा झरना थापा (अभिनेत्री)को लिगेसी पछ्याउँदै अभिनयमा आएकी उनले घरभित्रका तीनटा फिल्ममा काम गरिसकेकी छन् । 'ए मेरो हजुर ४' पनि उनकै मुख्य भूमिका थियो । आगामी भदौ २९ गतेबाट प्रदर्शन हुन लागेको झरना निर्देशित फिल्म 'एक भगवत् गीता'मा पनि उनी स्वयंको अभिनय छ । उनका पिता सुनिल कुमार थापाले अध्ययनका कारण सुहानाले बाहिरको फिल्म गर्न नसकेको बताउँदै आएका छन् ।

आजको विचार...



डा.केदार कार्की

कृषि...

(दुई पेजमा)



गायिका समीक्षा अधिकारीले आफूविरुद्ध झुटो खबर फैलाएको भन्दै चार फेसबुक पेजविरुद्ध प्रहरीको साइबर ब्युरोमा उजुरी दिएकी छन् । 'अष्ट्रेलियाले कालोसूचीमा' राखेको भन्ने खबरलाई प्रतिवाद गर्दै फेसबुकका केही पेजविरुद्ध किटानी जाहेरी दिएको अधिकारीले उल्लेख गरेकी छन् । कास्कीको माछापुच्छ्रे गाउँपालिका-४ निवासी गायिका अधिकारीले जिल्ला प्रहरी कार्यालय कास्कीको साइबर ब्युरोमा उजुरी दिएकी हुन् । नेपाल प्रहरीले गत महिनादेखि साइबर ब्युरोसम्बन्धी उजुरी सम्बन्धित जिल्लाबाटै दर्ता गर्न सकिने व्यवस्था लागु गरेको थियो ।

❒ वर्ष २९ ❒ अंक ४४ ❒ २०८० भदौ १२ गते मंगलबार 29 August 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# काँग्रेसको मिसन २०८४ हैन, भ्रष्टाचार विरुद्धको अभियान हो : महामन्त्री शर्मा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ ११/नेपाली काँग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले काँग्रेसको मिसन २०८४ को निर्वाचन नभएको बताएका छन् । उनले ०८४ को निर्वाचन काँग्रेसको चिन्ताको विषय नभए भन्दै देश बनाउने भ्रष्टाचार विरुद्धको अभियान रहेको बताए । सोमबार नेपाली काँग्रेस प्रतिनिधि सभा क्षेत्रीय सम्मेलनलाई पाल्पाको रामपुरमा सम्बोधन गर्दै महामन्त्री शर्मा यस्तो बताएका हुन् ।

उनले भने 'काँग्रेस जिम्मेवार दल हो, त्यसैले चुनावको चिन्ता लिन्न, भ्रष्टाचार विरुद्धको अभियानबाट देश र जनताको पक्षमा काम गर्ने कुरामा हाम्रो चिन्ता हो ।' चुनावको चिन्ता गरेर काँग्रेस नबस्ने महामन्त्री शर्माले बताए । उनले आज काँग्रेसको चिन्ता ०८४ मा बहुमत ल्याएर जित्ने हैन, देश र जनताको काम गर्ने रहेको उल्लेख गरे । महामन्त्री शर्माले भने 'एउटा अब्बल विद्यार्थी त्यो होइन जसले परीक्षाको चिन्ता गर्छ परीक्षाको चिन्ता विद्यार्थीले गर्ने होइन, पठाइएको चिन्ता गर्ने हो, तपाईले पढाइएको राम्रो चिन्ता गर्नुभयो भने परीक्षाको चिन्ता लिनुपर्दैन, अब्बल विद्यार्थीले पढाईको चिन्ता लिने हो, आज हामी राजनीतिक दलले जहिल्यै चुनावकै चिन्ता मात्र लियौं, देशको समाधान चुनाव गर्नु मात्रै हैन ।'



उनले राजनीतिक दलहरुप्रति लक्षित गर्दै भने '७० को चुनाव हुँदा, ०७४ को चिन्ता, ०७४ चुनाव हुँदा ०७९ को चिन्ता ०७९ को चुनाव हुँदा ०८४ को चिन्ता, अनि देशको चिन्ता खै ? जनताको चिन्ता खै ? आगामी चुनाव जित्ने कुरालाई दोस्रो, तेस्रोमा राखौ, अहिलेको कुरामा चिन्तित बनौ न' उनले भने ।

समाजले जित्ने र जनताले जित्ने कुरा मात्र काँग्रेसले गर्छ महामन्त्री शर्माले भने' काँग्रेस एक्लैले जित्ने कुरा गर्दैन, देश र जनताले जित्नुपर्छ भन्ने कुरामा काँग्रेस चिन्तित छ ।' देश अहिले भष्ट्रचारमा लिप्त छ, अर्थतन्त्रमा समस्यामा छ, यस्तो अवस्थामा सबैले सोच्न आवश्यक रहेको उनले बताए । शर्माले सरकारलाई भ्रष्टाचारको फाइल खोल्ने तागत काँग्रेसले दिएको बताएका छन् । उनले भने, 'भ्रष्टाचारको फाइल खोल्दै गर्दाको तागतको पछाडी को छ ? नेपाली काँग्रेस छ ।' कानुन काँग्रेसका नेतालाई नलाग्ने भन्ने नहुने भन्दै भ्रष्टाचारको फाइल खोल्दा कँग्रेसकै नेता पनि परेको शर्माको भनाइ छ । 'नेताहरू पर्नुभयो होला । कानुन बनाउँदा कांग्रेसका नेतालाई नलाग्ने भन्ने त हुँदैन । हामीले बनाएको कानुनमा हाम्रै नेताहरू पर्नुभयो भने हामीले कानुन कमजोर बनाउन खोजेनौं । अहिले अरू दलले निलम्बन गर्यो । गरेन भन्नेमात्रै होइन,' उनले भने । कांग्रेसले गरेको कर्म जनतामाझ बुझाउनुपर्ने महामन्त्री शर्माले बताए ।

केन्द्रीय कार्यसमिति बैठकले गाउँ, वडा, टोल तहमा मानवीय सेवाका कामलाई व्यवस्थित गर्न सेवा दल गठन गर्ने निर्णय गरेको पनि उनले बताए । 'ती सेवा दलले त्यस क्षेत्रमा मानवीय सेवाका विभिन्न गतिविधि गर्छन्, जनताको सुखदुखमा साथ दिन्छन्' उनले भने । अदालतमा जाने मुद्दाहरुलाई अध्यारो कोठामा बसेर समाधान गर्न गाउँ सेवा दल गाउँ, टोलसम्म पुर्‍याउने गरी काम गर्न महामन्त्री शर्माले काँग्रेस पाल्पालाई आग्रह गरे । काँग्रेसले नयाँ पुस्ताको विश्वास जोड्न नवनिर्माणको यात्रा प्रारम्भ गरेको समेत उनले दाबी गरे । 'विगतमा हामीले निर्वाचनमा मतपत्र थमायौं, र भन्यौं, हामीलाई मत देऊ, हामी देश बनाउँछौं । तर अब हामीले त्यतिमात्रै भनेर नपुग्ने बुझ्यौं, र भनिरहेका छौं कि अब मतमात्रै होइन, तिमी देशमा कस्तो नीति चाहन्छौ ? त्यो पनि देऊ भनेर मागिरहेका छौं,' उनले अघि भने, 'त्यसैले अब हरेक युवाले घरमा बसेर गुनासो गरिरहन मिल्दैन, एउटा पूरानो दल आएर ती नै युवाहरूलाई देश कस्तो बनाउने भनेर सोधिरहेको छ ?' उनले युवामा देश बनाउन सकिन्छ भन्ने मनोविज्ञानको सञ्चार हुनुपर्ने बताए ।

(...बाँकी अन्तिम पेजमा)

सक्षिप्त समाचार

## खोलामा डुबेर दुई जनाको मृत्यु



**पाल्पा,** भदौ ११/खोलामा डुबेर दुई जनाको मृत्यु भएको छ । रुपन्देही र कपिलवस्तुमा डुबेर दुई जनाको मृत्यु भएको हो । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देहीको तिलोत्तमा नगरपालिका-६ दश नम्बरस्थित सताहा खोलामा डुबेर एक जनाको मृत्यु भएको छ । वडा-४ का ५५ वर्षीय विष्णु शर्माको खोलामा डुबेर मृत्यु भएको हो ।

यस्तै कपिलवस्तु, शिवराज नगरपालिका-३ मदवामा पनि खोलामा डुबेर अर्को एक जनाको मृत्यु भएको हो । सोही ठाउँका ७० वर्षीय सालिके कामीको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । घरदेखि करिब ६ सय मिटर वनशक्ति टोलस्थित काँडे खोलामा डुबेर उनको मृत्यु हो । माछा मार्न गएको अवस्थामा अचानक डुबेर अशक्त भएका उनको जिल्ला तौलीहवा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । दुवै घटनाका विषयमा थप अनुसन्धान भइरहेको छ ।

## दश वटै समितिका सभापति निर्विरोध निर्वाचित

**पाल्पा,** भदौ ११/प्रतिनिधिसभा अन्तर्गतका १० वटै समितिमा सभापति निर्विरोध निर्वाचित भएका छन् । प्रतिनिधिसभा अन्तर्गतका १० समितिको नेतृत्वका लागि आइतबार ९ वटामा एकल र एउटामा दुई जनाको उम्मेदवारी परे पनि राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीले उम्मेदवारी फिर्ता लिएपछि सबै निर्विरोध भएका हुन् ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका लागि जनमतका अब्दुल खान र राष्ट्रिय स्वतन्त्र पार्टीका गणेश पराजुलीको उम्मेदवारी दर्ता गराएका थिए । जसमा पराजुलीले फिर्ता गरिसकेपछि खान निर्वाचित भएका हुन् ।

अर्थ समितिको सभापतिमा नेपाली कांग्रेसका सन्तोष चालिसे, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जनता समाजवादीका राजकिशोर यादव निर्वाचित भएका छन् । त्यस्तै, कानुन, न्याय तथा मानवअधिकार समितिको सभापतिमा नेकपा (माओवादी केन्द्र)का विमला सुवेदी, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा कांग्रेसका आरजु राणा देउवा, महिला तथा सामाजिक मामिला समितिको सभापतिमा किरणकुमार साह र राज्य व्यवस्था तथा सुशासन समितिमा रामहरि खतिवडा निर्वाचित भएका छन् ।

त्यसैगरी, पूर्वाधार विकास समितिको सभापतिमा राष्ट्रिय प्रजातन्त्र पार्टीका दीपकबहादुर सिंह, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा नेकपा (एकीकृत समाजवादी)का भानुभक्त जोशी र सार्वजनिक लेखा समितिको सभापतिमा नेकपा (एमाले)का ऋषिकेश पोखरेलको निर्वाचित भएका हुन् । प्रतिनिधिसभाको निर्वाचन भएको नौ महिनापछि मात्र संसदीय समितिले पूर्णता पाएका छन् ।

## न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्न माग

**लुम्बिनी,** भदौ ११/नेपाल ट्रेड युनियन महासंघ जिफन्टले श्रम क्षेत्रमा कार्यरत कामदारको हालै वृद्धि भएको न्यूनतम पारिश्रमिक कार्यान्वयन हुनुपर्ने माग गरेको छ ।

जिफन्ट केन्द्रीय उपाध्यक्ष कमल गौतमले बुटवलमा सञ्चारकर्मीसँग कुरा गर्दै सरकारले गत साउन १ गतेदेखि लागू हुने गरी बढाएको श्रमिकको न्यूनतम पारिश्रमिक लागू गर्न माग गरे । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यही साउन १ गतेदेखि लागू हुने गरी औपचारिक क्षेत्रका श्रमिकको न्यूनतम पारिश्रमिक मासिक १७ हजार तीन सय निर्धारण गरेको छ । यस्तै चिया बगानका श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि गर्दै १३ हजार आठ सय ९३ तोकिएको छ । वृद्धि भएको पारिश्रमिकमा औपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको मासिक न्यूनतम पारिश्रमिकमा १० हजार आठ सय २० आधारभूत पारिश्रमिक र छ हजार चार सय ८० महँगी भत्ता रहेको छ । यस्तै, प्रतिघण्टा ८९, दैनिक रु छ सय ६८ र आंशिक समय मात्र काम गर्ने श्रमिको प्रतिघण्टा ९५ पारिश्रमिक निर्धारण गरिएको छ ।

उपयुक्त पारिश्रमिकका अतिरिक्त श्रम ऐन-२०७४, योगदानमा आधारित सामाजिक सुरक्षा-२०७४, श्रम सम्झौता, नियुक्ति पत्र र श्रमिकले पाउने सञ्चय कोष, उपदानलगायतका सुविधा अनिवार्य रुपमा हुनुपर्ने राजपत्रमा उल्लेख छ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नागरिकलाई स्वास्थ्य सेवाबाट वञ्चित नगर

स्वास्थ्य उपचारमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न सरकारले सामाजिक सुरक्षाका रुपमा स्वास्थ्य बीमा कार्यक्रम शुरू गरेको छ । स्वास्थ्य बीमा ऐन अन्तर्गत स्वास्थ्य बीमा बोर्ड गठन गरेर सञ्चालन गरिएको यो कार्यक्रममा बीमितहरुले तोकिएका स्वास्थ्य संस्थाबाट बीमा सुविधा अनुसारका तोकिएको औषधोपचार निःशुल्क पाउँछन्, तर सरकारले लामो समयदेखि स्वास्थ्य सेवा दिदै आएका केही सेवा प्रदायक स्वास्थ्य संस्थाहरुलाई समयमै भुक्तानी नदिने र सूचीबाटै हटाउने कार्यले भने विपन्न नागरिक थप समस्यामा परेका छन् । नागरिकलाई स्वास्थ्योपचारमा आर्थिक भार नपरोस् भन्ने उद्देश्यले चलाइएको स्वास्थ्य बीमा कार्यक्रमबाट नै नागरिक वञ्चित हुनु दुखद् हो । स्वास्थ्य बीमा बोर्डले पछिल्लो समय पाल्पाका युनाइटेड मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजसहित देशभरका २६ वटा निजी स्वास्थ्य संस्थालाई स्वास्थ्य बीमाको सूचिबाट हटाएपछि यहाँका नागरिक थप समस्यामा परेका छन् ।

पाल्पाको मिसन अस्पतालले बोर्डले भुक्तानी नदिएपछि साउन ३१ गतेदेखि बिमा उपचार सेवा बन्द गरेको थियो । लुम्बिनी मेडिकल कलेजको भने यस अघि नै सेवा बन्द भएको थियो । सरकारले यी सेवा प्रदायक संस्थाहरुलाई कार्यक्रम चलाउन प्रोत्साहन गर्नुपर्नेमाउल्टै सूचीबाट हटाउनुले नागरिकलाई स्वास्थ्य सेवाबाटै वञ्चित गराउन खोजिएको हो कि भन्ने चिन्ता व्यक्त गर्न थालिएको छ । स्वास्थ्य बीमा आफैमा अत्यन्त राम्रो कार्यक्रम हो, तर त्यही बीमाको सुविधा लिन वा बिरामी पर्दा सजिलै उपचार पाउन अनेक हण्डर खानुपर्छ । बिमा कार्यक्रमको सेवा उपयोग गर्न अनेक सास्ती छन् । एकातिर बिरामीले उपचार पाउनै महाभारत छ । अर्कोतिर बीमा गरेका बिरामीको उपचार गरेका अस्पतालले सरकारबाट अर्थात् स्वास्थ्य बिमा बोर्डबाट पाउनुपर्ने भुक्तानी पाएका छैनन् । यो अत्यन्त दुखको कुरा हो । स्वास्थ्य सेवाका लागि सरकारले नागरिकलाई दुःख दिने वा वञ्चित गर्नु हुँदैन । जुनसुकै अवस्थामा भए पनि सरकारले नागरिकलाई सस्तो सुलव रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन लाग्नु पर्छ । जसका लागि बन्द गरिएका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा बिमा सुविधालाई निरन्तरता दिर्दै थप प्रभावकारी र चुस्त बनाउन जरुरी छ ।

## Opinion @ Social Network


घमण्डी सोच्नुहोस् या जे सोच्नुहोस् बोल्न नखोज्नेलाई
बोलाउने मेरो बानी छैन चाहे त्यो साथी होस् या आफन्त ।
*(मनोज प्यूठानीको फेसबुक स्टाटसबाट www.facebook.com//Manoj.rm)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कृषि उत्पादनमा वातावरण प्रदूषणका चुनौती



डा.केदार कार्की

*नेपाल कृषि प्रधान देश हो । अधिकांश जनसंख्या कृषिमा निर्भर छ । बढ्दो जनसंख्यालाई ध्यानमा राख्दै कृषिमा वातावरणको महत्त्व धेरै गुणा बढ्दै गएको छ । उत्पादन वृद्धि गर्न कृषकले असन्तुलित मात्रामा रासायनिक मल र विषादीको जथाभाबी प्रयोग गरिरहेका छन् । यसका कारण खेतबारीको माटोदेखि हावा, पानी, फलफूल, तरकारी, अनाज, दूध, मासु सबै बिग्रिँदै गएको छ । यसले गाउँका पोखरी, खोला र नहरलाई पनि असर गरिरहेको छ । यो स्वास्थ्यका लागि राम्रो होइन । विषादी, झार मार्ने वा रासायनिक मलको उपभोगलाई हेर्दा विगत दुई दशकयता बढेको छ । चिन्ताजनक पक्ष के छ भने किसानहरूले आफ्नो स्तरभन्दा धेरै औषधी प्रयोग गरिरहेका छन् । ती औषधी घातक छन् । आज सबैको एउटै लक्ष्य उपज बढाउने र धेरै आम्दानी गर्ने छ, जनस्वास्थ्यमा हानि पुगे पनि । यही कारणले स्वास्थ्य र वातावरण संरक्षण गर्न सन्तुलित मल र एकीकृत कीरा व्यवस्थापनको प्रयोगमा आज कृषि वैज्ञानिकहरूले जोड दिइरहेका छन् । विषादीको अव्यवस्थित प्रयोगले वातावरण प्रदूषित हुँदै गएपछि कृषिमा महत्त्वपूर्ण भूमिका खेल्ने किसानका मित्र कीरा पनि मारिने गरेको छ । यसले शत्रु कीराको संख्या निकै बढेको छ । शत्रु कीरा बढ्नु खेतीका लागि राम्रो संकेत होइन । खेत र बालीमा मिल्ने कीरा प्रशस्त भएमा शत्रु कीराले फैलने मौका पाउँदैन । यसले बालीमा कीराको प्रकोप कम हुन्छ । त्यति मात्र होइन, त्यस्ता विषादीको प्रयोगले बाली र किसानलाई सहयोग गर्ने चराका धेरै प्रजाति लोप भएका छन् ।*

वर्तमान समयमा गाउँ पनि सहर बन्दै गएका छन् । बिस्तारै सहरी सुविधा गाउँमा पुग्दै छन् । कतिपय गाउँमा बिजुली, पानी, सडकलगायतका आधारभूत सुविधा पुगेकाले ग्रामीण जीवन स्तरमा सुधार आएको छ । भौतिकवादी जीवनशैली अहिले ग्रामीण क्षेत्रमा जीवनको अभिन्न अंग बन्दै गएको छ । एकातिर ग्रामीण जीवनयापन गर्न सहज भएको छ भने अर्कोतर्फ गाउँमा प्रकृतिसँग मेलमिलापमा बाँच्ने जीवनशैली समाप्त हुँदै गएको छ । यही कारण आज सहरमा देखिने समस्या र विकृतिबाट गाउँमा पनि देखिन थालेका छन् । ग्रामीण क्षेत्रमा प्रकृतिसँग मेलमिलाप गरी बाँच्नु, प्राकृतिक रूपमा जीवन बिताउनु र आफ्नो आहारमा प्राकृतिक खाद्यवस्तु समावेश गर्नु शताब्दीयौँदेखि नेपाली ग्रामीण जीवनशैलीको अभिन्न अंग बन्दै आएको छ । तर यो जीवनशैलीको पुरातन सम्पदाले आफ्नो अस्तित्व गुमाएको छ । कुनै समय गाउँ वातावरणको सबैभन्दा नजिकको मित्र मानिन्थ्यो । हरिया रुख र बोटबिरुवा, बाली, पशुपन्छीको चहलपहलले गाउँमा प्रकृतिप्रेमीको ध्यान तान्थ्यो । तर आज वातावरणको सबैभन्दा ठूलो मित्र गाउँ नै आफ्नो शत्रु बनेको छ । हामीले प्राकृतिक सम्पदाको कम उपयोग र सकेसम्म बढी संरक्षण गर्नुपर्छ । अनि मात्र हाम्रो पृथ्वी र वातावरण सुरक्षित हुने छ । तर वातावरण संरक्षण भइरहेको छैन । यही कारणले आज वातावरण र प्रकृति दुवै खतरामा छन् ।

नेपाल कृषि प्रधान देश हो । अधिकांश जनसंख्या कृषिमा निर्भर छ । बढ्दो जनसंख्यालाई ध्यानमा राख्दै कृषिमा वातावरणको महत्त्व धेरै गुणा बढ्दै गएको छ । उत्पादन वृद्धि गर्न कृषकले असन्तुलित मात्रामा रासायनिक मल र विषादीको जथाभाबी प्रयोग गरिरहेका छन् । यसका कारण खेतबारीको माटोदेखि हावा, पानी, फलफूल, तरकारी, अनाज, दूध, मासु सबै बिग्रिँदै गएको छ । यसले गाउँका पोखरी, खोला र नहरलाई पनि असर गरिरहेको छ । यो स्वास्थ्यका लागि राम्रो होइन । विषादी, झार मार्ने वा रासायनिक मलको उपभोगलाई हेर्दा विगत दुई दशकयता बढेको छ । चिन्ताजनक पक्ष के छ भने किसानहरूले आफ्नो स्तरभन्दा धेरै औषधी प्रयोग गरिरहेका छन् । ती औषधी घातक छन् । आज सबैको एउटै लक्ष्य उपज बढाउने र धेरै आम्दानी गर्ने छ, जनस्वास्थ्यमा हानि पुगे पनि । यही कारणले स्वास्थ्य र वातावरण संरक्षण गर्न सन्तुलित मल र एकीकृत कीरा व्यवस्थापनको प्रयोगमा आज कृषि वैज्ञानिकहरूले जोड दिइरहेका छन् । विषादीको अव्यवस्थित प्रयोगले वातावरण प्रदूषित हुँदै गएपछि कृषिमा महत्त्वपूर्ण भूमिका खेल्ने किसानका मित्र कीरा पनि मारिने गरेको छ । यसले शत्रु कीराको संख्या निकै बढेको छ । शत्रु कीरा बढ्नु खेतीका लागि राम्रो संकेत होइन । खेत र बालीमा मिल्ने कीरा प्रशस्त भएमा शत्रु कीराले फैलने मौका पाउँदैन । यसले बालीमा कीराको प्रकोप कम हुन्छ । त्यति मात्र होइन, त्यस्ता विषादीको प्रयोगले बाली र किसानलाई सहयोग गर्ने चराका धेरै प्रजाति लोप भएका छन् । तिनीहरूले बिरुवाहरूमा परागणबाट शत्रु कीरा खाएर वातावरण सफा राख्न काम गर्छन् । यी चरामा भँगेरा, गिद्ध, पहाडी बटेर, सुगा, बाया, चरा, सेतो परेवा, हरियो चरा, नीलकण्ठ, सारस, वाटर कुकरको नाम मात्र बाँकी छ । झारपात फैलनबाट रोक्न मल्चिङ जस्ता जैविक क्रियाकलापलाई प्रवर्द्धन गर्न आवश्यक छ । रासायनिक मलको सन्तुलित प्रयोग र गाईको गोबर मल, कम्पोस्ट मल, वर्मी कम्पोस्टको प्रयोग गर्नु पर्छ । गाउँ गाउँमा पनि पोलिथिनको प्रयोग धेरै छ । त्यसको मुख्य कारण पोलिथिन झोलाको बढी प्रयोग हो । पोलिथिनलाई ‘प्रयोग र फ्याँक’को संस्कृतिले बढावा दिएको छ । पोलिथिन वातावरणको शत्रु हो । पोलिथिन जमिनमा गाडेपछि पनि नष्ट हुन करिब २०० वर्ष लाग्छ । जलायो भने पनि यसले धेरै विषाक्त ग्यास उत्सर्जन गर्दछ । यो ग्यास मानवका लागि मात्र होइन बोटबिरुवा, जनावर र पन्छीका लागि पनि धेरै नै हानिकारक हुन्छ । प्लास्टिक वा पोलिथिन जमिनमा गाड्दा वरपरको पानी पनि बिग्रन्छ ।यसले जमिनभित्रको पानीमा विषाक्त तत्त्व मिश्रण भएर प्रदूषित हुन पुग्छ । ग्रामीण क्षेत्रमा काटिने रुखको संख्याको अनुपातमा नयाँ रुख रोपिएको छैन । कुनै समय जंगलै मात्र भएको ठाउँमा आज रुखको नाम निसान छैन । यही कारण प्रायः सामान्य वर्षा हुँदैन, खडेरीको अवस्था सिर्जना हुन्छ । तापक्रम बढ्नुको मुख्य कारण पनि यही हो । वर्षा, जाडो र गर्मीको प्राकृतिक सन्तुलन बिग्रिएको छ । त्यसले बालीमा कीराको प्रकोप बढ्दै जाँदा उत्पादनमा पनि कमी आएको छ । वातावरणीय सन्तुलन बिग्रन थालेपछि जलवायु परिवर्तन र ग्लोबल वार्मिङ जस्ता समस्या देखिन थालेका छन् । पृथ्वीको तापक्रम बढेसँगै हिमसिला पग्लने खतरा छ । त्यसले नदीहरूको अस्तित्व नै संकटमा पारेको छ । सिँचाइको अभावमा बाली सुक्छ र बाढी जस्ता प्रकोप पनि आउँछ । कार्बनडाइअक्साइड, मिथेन, क्लोरोफ्लोरोकार्बन, नाइट्रस अक्साइड र जलवाष्प जस्ता ग्यासहरूले ओजोन तहमा प्वाल परेको र हरितगृह ग्यासहरूको प्रभावका कारण पृथ्वीको तापक्रम बढेको तापक्रम वृद्धिमा पनि हानिकारक ग्यासहरूको भूमिका कम छैन ।

मानव जीवनमा वातावरणको उपयोगिता पिउनका लागि पानी र खानका लागि खाना जत्तिकै महत्त्वपूर्ण छ । स्वस्थ वातावरणबिना जीवको जीवन कल्पना गर्नु अर्थहीन छ । वातावरणीय सन्तुलन बिगार्नमा मानिसको भौतिकवादी सोच पनि कम जिम्मेवार छैन । विकासको अन्धो दौडमा आज सबै जना अगाडि र पछाडि नहेरी एकअर्काको अगाडि बढ्ने प्रतिस्पर्धामा छन् । हामीले समयमै वातावरण संरक्षण गर्न अगाडि नआएमा यसको मार आगामी पुस्ताले भोग्नुपर्ने छ । गाउँगाउँमा बसोवास गर्ने जनताले वातावरणको आवश्यकता बुझेर बढीभन्दा बढी रुख रोप्नुपर्छ । पोलिथिनको प्रयोग बन्द गर्नु पर्छ । कीटनाशक विषादी र रासायनिक मलको प्रयोग कम गर्नुपर्छ । प्राकृतिक खेतीलाई अवलम्बन गर्ने प्रयाससँगै विषदीमुक्त अन्नको खेतीतर्फ लाग्नु पर्छ । यसले स्वास्थ्यको साथै वातावरण पनि जोगाउँछ । प्रकृतिसँग सन्तुलन मिलाएर खेतीपाती गरियो भने मानिस, पशु, पन्छी र पृथ्वी सबैको कल्याण हुन्छ ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मित्र वा आफन्तको सहयोग मिल्नेछ । तिर्थाटनको योग पनि छ । | **तुला** : आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । बौद्धिकताको विकास हुनेछ । |
| **वृष** : गरेका कार्यमा ढिलासुस्ती हुनेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । | **वृश्चिक** : मित्रबाट विशेष सहयोग मिल्नेछ । कारोवारमा सफलता पाईएला । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । शत्रुमाथि विजय प्राप्त हुनेछ । | **धनु** : कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग रहेको छ । |
| **कर्कट** : अलंकारको प्राप्ति हुनेछ । मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । | **मकर** : विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । काममा राम्रै फड्कोमार्न सकिनेछ । | **कुम्भ** : विभिन्न अवसर जुराउनेछ । धर्म र कर्ममा मन पनि लाग्नेछ । |
| **कन्या** : दवाब र तनाव बढेको महसुस हुनेछ । प्रेमबिच खिन्नता बढ्नेछ । | **मीन** : मान प्रतिष्ठामा बृद्धि होला । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |




# एक महिनामै २६ हजारले घटे इन्टरनेटका ग्राहक





एक महिनामै इन्टरनेट प्रयोगकर्ताको संख्या २६ हजारभन्दा धेरैले घटेको छ । नेपाल दूरसञ्चार प्राधिकरणको एमआइएस प्रतिवेदन अनुसार गत चैतको तुलनामा वैशाखमा इन्टरनेट प्रयोगकर्ताको संख्या यो दरमा घटेको हो । चैतमा विभिन्न सेवा प्रदायकका वायरलेस, केबल र फाइबर गरी कुल २६ लाख ७३ हजार ४ सय ७१ ग्राहक रहेका थिए । वैशाखमा यो संख्या घटेर २६ लाख ४७ हजार ३ सय ७९ मा सीमित भएको छ । सबैभन्दा धेरै वर्ल्डलिंकको ग्राहक संख्या घटेको छ । वर्ल्डलिंकको प्रयोगकर्ता ७ लाख ७१ हजार रहेकोमा वैशाखमा ७ लाख ५२ हजारमा सीमित भएका हुन् ।

डिस होमका इन्टरनेट प्रयोगकर्ता ११ हजार २२ ले घटेर २ लाख २९ हजारमा सीमित भएका छन् । त्यस्तै, नेपाल टेलिकमको इन्टरनेट प्रयोगकर्ताको संख्या एक हजार ४ सय २४ ले घटेर २ लाख ८७ हजार एक सय ९० मा सीमित भएको छ । मोबाइल प्रयोगकर्ताको संख्या पनि करिब ६ प्रतिशतले घटेको छ । चैतमा कुल ३ करोड ५८ लाख ९१ हजार ७ सय १९ मोबाइल प्रयोगकर्ता रहेकोमा वैशाखमा यस्तो प्रयोगकर्ताको संख्या २० लाख ५४ हजारले घटेको हो । वैशाखमा मोबाइल प्रयोगकर्ताको संख्या ३ करोड ३८ लाख ३७ हजार ५ सय १३ रहेका छन् । स्मार्ट टेलिकमको लाइसेन्स भने रद्द भएको कारण पनि यो संख्या धेरै देखिएको हो । यसअघि २४ लाख १९ हजारले यो सीम राखेर मोबाइल प्रयोग गर्दै आएका थिए । तर, नेपाल टेलिकम (एनटिसी) र एनसेलको समेत कुल २ लाख १० हजारभन्दा बढी सीम प्रयोग घटेको छ । वैशाखका टेलिकमको सीम प्रयोग गर्ने मोबाइल धारकको संख्या एक लाख ९२ हजार ८ सय ५३ ले घटेर २ करोड ३ लाख ६४ हजार ७१७ मा सीमित भएको हो । टेलिकमको सिडिएमए र जिएसएम सीम प्रयोगकर्ताको संख्या चैतमा २ करोड १ लाख ७१ हजार ८ सय ६४ थियो । एनसेलको सीम प्रयोग गर्ने मोबाइल धारकको संख्या १७ हजार ३ सय ८२ बाट घटेर एक करोड ३४ लाख ७२ हजार ७९६ छ । अर्थतन्त्रमा आएको सुस्तता, युवाहरूको बढ्दो विदेश पलायन लगायतको कारण एकै महिनामा मोबाइल र इन्टरनेट प्रयोगकर्ताको संख्या धेरैले घटेको हो ।

*-सेतोपाटी डटकम*

# आमाबुवाले एउटा बच्चालाई ध्यान दिंदा अरू बच्चामा पर्छ नकारात्मक असर, डिप्रेसनको पनि खतरा



आमाबुवाले भन्ने गर्छन् - सबै आफ्नै छोराछोरी हुन् त्यसैले बराबरी माया लाग्छ । तर यो कुरा शत प्रतिशत साँचो होइन । आमाबुवाले अस्वीकार गर्छन् तर वास्तविकता के हो भने अभिभावकको पनि आफ्नो 'गोप्य प्रिय' सन्तान हुन्छन् । विभिन्न अनुसन्धानका अनुसार विश्वभरिका भिन्न-भिन्न संस्कृतिका ६५ प्रतिशत परिवारमा यस्तै हुन्छ ।

अनुसन्धानमा पाइए अनुसार बालबालिकाबीच यस्तो खालको व्यवहारले उनीहरूको मानसिक स्थिति र पारिवारिक सम्बन्धमा लामो समयसम्म नकारात्मक असर पर्छ । यस्तो व्यवहार भावनासँग सम्बन्धित समस्याको महत्त्वपूर्ण कारण मानिन्छ ।

**पेरेन्टल डिफरेन्सियल ट्रिटमेन्ट**

मनोवैज्ञानिकले यसलाई पिडिटी अर्थात् प्यारेन्टल डिफरेन्सियल ट्रिटमेन्ट नाम दिएका छन् । विशेषज्ञका अनुसार बालबालिकाले निकै कम उमेरदेखि नै व्यक्तिको व्यवहार बुझ्ने गर्छन् । आमाबुवाले आफूसँग र अन्य भाइ बहिनीसँग कस्तो व्यवहार गर्छन् बच्चाले राम्रोसँग बुझ्छन् । यसले गर्दा बालबालिकामा आत्मसम्मानमा कमीका साथै चिन्ता, डिप्रेसन र जोखिमयुक्त व्यवहार जस्ता समस्या सुरु हुन्छन् । क्यानडामा घरबाट भागेका ८ बालबालिकामध्ये ७ यस कारण भागेका थिए किनभने उनीहरूलाई लाग्थ्यो कि उनीहरूका आमा-बुवाले उनका भाइ-बहिनीमाथि बढी ध्यान दिन्छन् ।

**बालबालिकालाई यस्तो लाग्यो भने कारण सोध्नुपर्छ**

आमाबुवाले आफ्ना छोराछोरीलाई यस्तो किन लाग्छ भनेर सोधन सक्छन् । उनीहरूको कुरा सुनेपछि आफूले पनि गल्ती छ भने सच्याउने र छोराछोरीलाई पनि उनीहरुले बुझ्ने गरी यस्तो होइन, यस्तो हो भनेर सिकाउनुहोस् ।

*-रातोपाटी डटकम*

# 'भारतसँग जुनसुकै ग्रहमा पुग्न सक्ने सामर्थ्य छ'




भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) का अध्यक्ष एस सोमनाथले चन्द्रमा, मंल र शुक्रग्रहको यात्रा गर्न भारत सक्षम रहेको बताएका छन् । तिरुवनन्तपुरममा पत्रकारहरूसँग शनिबार राति कुरा गर्दै उनले जुनसुकै ग्रहमा पुग्न सक्ने सामर्थ्य भारतको रहेको दाबी गरे ।

इसरोका वैज्ञानिकको आत्मविश्वास बढाउन आवश्यक भएको उल्लेख गर्दै उनले प्रधानमन्त्री नरेन्द्र मोदीले प्रस्तुत गरेको लक्ष्य पूरा गर्न इसरो तयार रहेको बताए । "हामीलाई थप लगानीको खाँचो छ, अन्तरिक्ष क्षेत्रको विकास गर्नुपर्छ र यसबाट सिङ्गो राष्ट्रको विकास गर्नुपर्छ, त्यो हाम्रो लक्ष्य हो," इसरोले चन्द्रयान-३ परियोजना पर्याप्त लगानीका बाबजुद सफलतापूर्वक सम्पन्न गरेको सुनाउँदै उनले भने । यसअघि शनिबार नै प्रधानमन्त्री नरेन्द्र मोदी बेङ्गलुरुको इसरो मुख्यालयमा पुग्दा उनलाई हार्दिक स्वागत गरिएको थियो । उनले तेस्रो चन्द्रयान टोलीमा संलग्न इसरोका महिला वैज्ञानिकका साथै अन्य वैज्ञानिकहरूको टोलीलाई भेटेर अबदेखि हरेक वर्ष अगस्ट २३ लाई राष्ट्रिय अन्तरिक्ष दिवसको रूपमा मनाइने घोषणा गरेका थिए । गत बुधबार साँझ चन्द्रमाको दक्षिण ध्रुवमा चन्द्रयान-३ सफलतापूर्वक अवतरण भएको थियो । चन्द्रमाको दक्षिणी ध्रुवमा यान अवतरण गराउने भारत पहिलो देश बनेको छ ।

*-हाम्राकुरा डटकम*

# एआईसँग किन त्रसित छ विश्व ?

एआई अर्थात् आर्टिफिसियल इन्टेलिजेन्स । अहिलेको प्रविधिको दुनियाँमा योभन्दा धेरै चर्चायुक्त शब्दावली नै छैन भन्दा फरक पर्दैन । एआईका कारण धेरै मानिसहरुले रोजगारी गुमाइरहेका समाचार पनि आउने गरेका छन् । आगामी दिनहरुमा एआईले विश्वमा करोडौं मानिसहरुको जागिर समाप्त गरिदिने आँकलन गरिएको छ । गोल्डम्यान सेसको रिपोर्ट अनुसार सन् २०३० सम्ममा विश्वभरका ३० करोड मानिसले एआईकै कारण आफ्नो रोजगारी गुमाउनेछन् । एआईको सबैभन्दा ठूलो असर कोडर, कम्प्युटर प्रोग्रामर, सफ्टवेयर इन्जिनियर, डेटा एनालिस्ट, न्याय उद्योग, बजार विश्लेषक जस्ता जागिरहरुमा पर्नेछ । यद्यपि यसले विस्तारै अन्य क्षेत्रहरुमा पनि असर पुराउनेछ र त्यहाँका जनशक्तिहरुले पनि जागिर गुमाउने खतरा बढ्नेछ । अनि त्यसोभए के एआई केवल मानिसको जागिर खोसिदिनका लागि मात्रै आएको हो त ? एसिया, युरोप होस् वा अमेरिकाको प्रविधि उद्योगमा अहिले एआई सबैको चासो, आशा र चिन्ताको विषय बनिरहेको छ । मानिसहरु बुझ्न चाहन्छन् कि आखिर एआई वास्तवमा के हो जसले लाखौं करोडौं मानिसको जागिर खोस्नका लागि तयार देखिएको छ ? यो कहाँबाट आयो र मानिसले यसको प्रतिकार गर्न किन सकिरहेको छैन ?

यस्ता कैयन् सवालहरू छन् जो मानिसहरुका समूह तथा सोसल मिडियामा समेत चर्चाको विषय बनेका छन् । एआईप्रति मानिसहरुको धारणा समान छैन । कतिपयले यसलाई आफ्नी साथी ठानेका छन् त कतिपयले यसले प्राविधिक दानवको रुपमा समेत हेर्दछन् । वास्तवमा रोबोट्स, साइबर्ग, सुपर ह्युम आदि यस्ता भविष्यपरक अवधारणा हुन् जसका मानव जीवनमा तीव्र रुपमा दखल बढिरहेको छ । सीधा शब्दमा भन्नुपर्दा त्यो रथ जसमाथि सवार भएर यी वैज्ञानिक आविष्कारले मानव जीवनमा तीव्र रुपमा दखल बढाइरहेका छन् त्यो आर्टिफिसियल इन्टेलिजेन्स नै हो । एआई विज्ञान तथा प्रविधि क्षेत्रको सबैभन्दा पछिल्लो आविष्कार हो जसले आजको दुनियाँमा सबैभन्दा धेरै चर्चा पाइरहेको छ । यसले आज एक आम मानिसलाई सर्वाधिक चकित तुल्याइदिएको छ । जागिरे मानिसहरुमा यसप्रति सर्वाधिक त्रास छ । यो पूरै विश्वमा तथा मानवीय जीवनमा आउने कुनै क्रान्तिकारी परिवर्तनको सुरुवाती संकेतको रुपमा देखा परेको छ ।

**आर्टिफिसियल इन्टेलिजेन्स के हो ?**

सरल शब्दमा भन्नुपर्दा मेसिनमा मानिसको जस्तै बुद्धि वा बौद्धिक क्षमता हुनु नै आर्टिफिसियल इन्टेलिजेन्स हो । यसलाई कृत्रिम तरिकाबाट विकसित गरिएको हुन्छ । कोडिंगका माध्यमबाट मेसिनमा मानिसको जस्तै बौद्धिकताको विकास गरिन्छ ताकि उसले मानिसले जस्तै सिक्न, आफैंले निर्ण गर्न र एकसाथ धेरै कामहरु गर्न सक्दछ । आर्टिफिसियल इन्टेलिजेन्सका माध्यमबाट कम्प्युटर सिस्टम वा रोबोटिक सिस्टमलाई यस्तो किसिमले तयार गरिन्छ कि यसले मानव मस्तिष्कले जस्तै गरी तर्कका आधारमा चल्ने प्रयास गर्दछ ।

**एआईले कसरी काम गर्छ ?**

एआई वास्तवमा मेसिन लर्निंगको माध्यमबाट नितान्त मानिसको जस्तै बुद्धिको विकास गर्ने प्रक्रिया हो । यसबाट मेसिनले मानवीय सहयोग विना कम्प्युटर प्रोग्रामबाटै स्वचालित रुपमा सिक्दछ । अर्थात् तपाईंले मेसिनलाई कुनै कमान्ड दिनुहुन्छ र उसले आफ्नो आर्टिफिसियल इन्टेलिजेन्सको हिसाबबाट निर्णय गर्दछ र फेरि त्यसको कमान्डमा काम गर्दछ । सजिलो शब्दमा भन्नुपर्दा आर्टिफिसियल इन्टेलिजेन्स मानिसको जस्तै सोच्ने सफ्टवेयर हो जसले मानिसले जस्तै निर्णयहरु सिक्दछ । मानव मस्तिष्कले कसरी सोच्दछ र समस्याको हल गर्ने समय कसरी सिक्दछ ? कसरी निर्णय दिन्छ र कस्तो काम गर्दछ ? भन्ने कुरा एआईले अध्ययन गर्दछ । यी सबै तर्कका आधारमा एआईले सोही जस्तो परिस्थितिमा निर्णय लिन्छ ।

**कुन कुन ठाउँमा भैरहेको छ एआईको प्रयोग ?**

एआईको प्रभाव तमाम क्षेत्रहरुमा तिव्ररुपमा बढिरहेको छ । यसको माध्यमबाट केवल सृटवेयर तथा एपको कोडिंग मात्र होइन लेखन, फोटोग्राफी, फोटो तथा ग्राफिक्स डिजाइनिंग, सम्पादन, चिकित्सा, शिक्षा आदिजस्ता कामहरु सजिलैसँग ठूलो परिमाणमा गर्न सम्भव हुन्छ । साथै सडक, रेल तथा हवाई यातायातमा ट्राफिक नियन्त्रण, स्मार्ट कार, सेल्फ ड्राइभिंग कार, भ्याकुम क्लिनर, पर्सनल असिस्टेन्ट रोबोट आदिको रुपमा पनि विश्वमा एआईको प्रयोग बढिरहेको छ । पछिल्लो केही वर्षमा एआईको प्रयोग विश्वभर तीव्र रुपमा बढिरहेको छ र पछिल्ला केही महिनामा त एआईले क्रान्तिकारी ढंगले आफ्नो स्थान सुरक्षित पारेको छ । विभिन्न च्याटबट वा एलेक्सा जस्तो स्मार्ट स्पिकरका साथै शिक्षा, गेमिंग, मौसम पूर्वानुमान, उद्योगमा उत्पादन प्रणालीलाई ठीक पार्ने तथा लेखापालन जस्ता कामहरु एआईले गर्न थालिसकेको छ । एआई प्रविधिका कारण सफ्टवेयर, पर्सनल रिलेसन, लेखन, सम्पादन, डिजाइनिंग जस्ता सिर्जनात्मक जागिरमा खतरा पैदा गर्दछ । त्यस्तै एआईले उसलाई दिइएको सबै काम पूरा गर्नेमात्र नभई हरेक पटक सिक्ने र सुधार गर्दै जान्छ, जसका कारण ऊ कुनै एकजना मानिसभन्दा अधिक ज्ञानवान र शक्तिशाली बन्दै जान्छ । मानिसले एआईको गतिसँग प्रतिस्पर्धा गर्नपनि सम्भव हुँदैन ।

**स्वास्थ्य सेवामा भने वरदान**

स्वास्थ्य सेवाको क्षेत्रमा एआई केवल सामान्य स्वास्थ्यको हेरचाह, सरीरका विभिन्न मापदण्डहरुको मापन तथा अनुगमनका साथै रोगको निदानका लागि मात्र होइन एआई स्क्यानको प्रयोगबाट शरीरका ससाना समस्याहरुको समेत पहिचान गर्न सहयोग पुगिरहेको छ । एआईको प्रयोग विरामीहरुको श्रेणीका आधारमा पहिचान गर्ने, विशेष स्वास्थ्य आवश्यकताको पहिचान गर्ने, उपचारका लागि हरक मानिसमा केन्द्रित भएर योजना बनाउने, त्यसलाई सम्झाउने र त्यसको अनुगमन गर्ने, मेडिकल रेकर्ड बनाउने र ट्र्याक गर्नुका साथै स्वास्थ्य विमाको दाबी सम्बन्धी काम सम्पन्न गर्न पनि एआईको सहयोग लिन थालिएको छ । भविष्यमा एआईमा आधारित रोबोटिक सर्जरी, भर्चुअल नर्स तथा डाक्टर आदि सुविधाका लागि पनि एआईको भविष्य निकै सफल मानिन्छ ।

**यस्तो छ एआईको इतिहास**

आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको सुरुवात सन् १९५० को दशकमा भएको हो । एलेन ट्युरिंगले मेसिन लर्निंग प्रविधिको परीक्षणका लागि Three Laws of Robotics नामक पुस्तक प्रकाशित गरे र स्वर परीक्षा समेत लिए । उक्त पुस्तकमा मानिसजस्तै मेसिनलाई सिकाउन सकिने कुरा देखिएको छ । सन् १९५८ मा एमआइटीमा जोन म्याकार्थीले Lips प्रोग्रामिंग भाषाको विकास गे जसबाट आर्टिफिसियल इनटेलिजेन्स एप बन्ने बाटो खुल्यो । सन् १९६८ मा इन्टेलिजेन्ट ज्ञानमा आधारित बुद्धिचाल खेल प्रोग्राम तयार गरियो जसबाट एआईको दिशामा सफलताको पहिलो बाटो खुल्यो । सन् १९७९ मा विकास भएको knowledge based medical diagnostic programme INTERNIST को विकासले नयाँ नयाँ क्षेत्रमा एआइको विकासको बाटो खोल्यो । त्यस्तै सन् १९८७ मा पहिलो व्यवसायिक रणनीतिक तथा व्यवस्थापकीय परापर्श प्रणालीको विकासले एआईको क्षेत्रलाई थप विस्तार गरिदियो । त्यसको अघिल्लो दशकमा मेसिनहरुले कसरी आफ्नो आसपासको वातावरणलाई बुझ्न सक्दछन् ? त्यसमा परिवर्तनको सन्दर्भ तथा कारण बुझ्न सक्नुका साथै यस विषयमा मानिसको बुद्धि जस्तै आफ्नो इन्टेलिजेन्सको प्रयोग गर्न सक्दछन् भन्ने विषयमा अनुसन्धान भयो । एआईको माध्यमबाट मेसिनहरुलाई यस्तो प्रकारले प्रशिक्षित गर्न थालियो कि समस्याको पहिचान गर्न सकुन्, त्यसको कारणहरु बुझ्न तथा एल्गोरिदमको माध्यमबाट त्यस्तो तहसमेत तयार गर्न सकियोस् कि त्यो सिकाइको आधारमा अगाडिको रणनीति पनि बनाउने र त्यस्तै खालको समस्या आउँदा त्यसको पहिचान गरी समाधान पनि गर्न सकोस् । सन् १९९७ मा दुनियाले एउटा ठूलो रोमाञ्चक मोड देख्न पायो जब आइबिएम कम्पनीले बनाएको डिप ब्लु चेस मेसिनले त्यसबेलाका बुद्धिचालका विश्व च्याम्पियन गेरी कास्परोभलाई हराइदियो । यो मेसिन र मानिसको क्षमताको बीचको एउटा ऐतिहासिक परीक्षण थियो जहाँ मेसिनको इन्टेलिजेन्सको अगाडि मानिसको बुद्धिले हार खायो । यसले के पनि प्रमाणित गऱ्यो भने बौद्धिक काम मेसिनले पनि गर्न सक्दछ र त्यो पनि मानिसले जस्तै बुद्धिको प्रयोग गरेर र आफैले निर्णय गरेर ।

**एआईका फाइदा तथा बेफाइदा यस्ता छन् :**

**फाइदाहरु :**

- दोहोराइरहनुपर्ने कार्यहरु स्वचालित रुपमा गर्दछ
- औद्योगिक उत्पादकत्व बढाउन योगदान गर्दछ
- स्वास्थ्य सेवा, रोगको निदान, मेडिकल रेकर्ड राख्ने लगायतका काम सहज
- स्वास्थ्यका मापदण्डहरुको निगरानी
- सेल्फ ड्राइभिंगका माध्यमबाट दुर्घटना रोक्न उपयोगी
- लेखन, सम्पादन तथा डिजाइनिंगमा
- अटोमेसनमार्फत् निर्णयमा निष्पक्षता कायम गर्न

**बेफाइदाहरु:**

- मानिसहरुमा सीपको खाडल बढ्ने
- अटोमेसनका कारण मानवीय रोजगारीहरु गुम्ने
- आर्थिक स्तरमा असमानता बढ्ने
- डेटा गोपनीयतामा जोखिम

**एआईप्रति किन विश्व त्रसित छ ?**

विश्वमा पछिल्ला २ दशकमा जुन नयाँ नयाँ व्यवसायिक रोजगारीहरुले युवाहरुका लागि प्रगतिको मार्ग प्रसस्त गरेको थियो आज तिनै सिर्जनात्मक रोजगारीहरुमा एआईबाट सबैभन्दा धेरै खतरा पैदा भएको देखिन्छ । उदाहरणका लागि सफ्टवेयर निर्माण, पिआर, लेखन, सम्पादन, डिजाइनिंग आदि जस्ता जागिरहरु । च्याट जिपिटीजस्ता एआई टूल्सहरुले यी कामहरुलाई प्रणालीबद्ध तरिकाले तथा क्षणभरमै पूरा गर्दछन् । एआईको विशेषता भनेको यसले केवल दिएको कामलाई पूरा गर्नेमात्र होइन हरेक पटक पुरानो अनुभवबाट सिक्दछ र सुधार गर्दै जान्छ । त्यसको गतिसँग प्रतिस्पर्धा गर्नु मानिसको वशमा हुँदैन । गत मार्च महिनामा गोल्डम्यान साक्सले सार्वजनिक गरेको रिपोर्ट अनुसार आगामी केही वर्षमै एआईले विश्वमा ३० करोड रोजगारीलाई प्रतिस्थापन गरिदिने क्षमता राख्दछ । अघिल्लो वर्ष सार्वजनिक भएको पिडब्लुसीको रिपोर्ट अनुसार प्रविधिको तीव्र परिवर्तनका कारण एक तिहाई मानिसहरुले आगामी ३ वर्षभित्रमा आफ्नो रोजगारीमाथि संकट आउने अनुभव गरेका छन् । एआईको बढ्दो प्रभावसँगै श्रममूलक पेशाहरुमा संलग्न जनशक्तिहरुमा समेत त्रास पैदा भएको छ । माइक्रोसफ्टले हालै गरेको एक सर्भे अनुसार च्याट जिपिटी, गुगल बार्ड र माइक्रोसफ्ट बिंग जस्ता एआई टूल्सका कारण कम्पनीहरुलाई विभिन्न कामहरु गर्न सहज बनिरहेको छ र मानवीय जनशक्तिमाथिको निर्भरता कम हुँदै गएको छ ।

*-अनलाइन खबर डटकम*

# मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु



**पाल्पा,** भदौ ११/जिल्लाको तानसेन नगरपालिका-१४ अर्गेलीमा मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । सोमबार विहान साढे १ बजे भएको दुर्घटनामा चालक सल्यान कालीमाटी गाउँपालिका-२ का ३० वर्षीय नरेश घर्ती मगरको मृत्यु भएको हो ।

दुर्घटनामा घाइते भएका मगरको उपचारका क्रममा तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए । अर्गेली पुरानो गाउँस्थित तानसेन-तम्घास सडक खण्डमा जोर्तेदेखि अर्गलीतर्फ जाँदै गरेको लु ४२ प ६७०९ नम्बरको मोटरसाइकल भित्तामा ठोक्किएर दुर्घटना भएको हो । दुर्घटनामा मोटरसाइकलमा पछाडी सवार अर्का एक जना घाइते भएका छन् । घाइते हुनेमा नवलपरासी पश्चिम श्रावल गाउँपालिका-१ का २८ वर्षीय ओम प्रकाश थारु रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घाइते थारुको मिसन अस्पतालमा उपचार पछि सिटी स्क्यानका लागि लुम्बिनी मेडिकल कलेज प्रभास पठाइएको छ । उनको शरीरका विभिन्न भागमा चोट लागेको प्रहरीले जनाएको छ । थारुको अवस्था भने सामन्य रहेको अस्पतालले जनाएको छ । दुर्घटनाको विषयमा थप अनुसन्धान भईरहेको प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए ।

## काँग्रेसको मिसन २०८४ हैन...

...कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका निवर्तमान सभापति तथा प्रदेश सभा सदस्य वीरबहादुर राना, काँग्रेस जिल्ला सभापति झपेन्द्र गहिरे, उपसभापति ज्ञानबहादुर गाहा, नेपाल राष्ट्रिय मगर संघका केन्द्रीय सभापति दिनेशकुमार थापा, नेपाल प्रजातान्त्रिक प्रध्यापक संघका केन्द्रीय उपाध्यक्ष मदन कट्टेल, काँग्रेस लुम्बिनी प्रदेश सदस्य विष्णुमाया ढकाल, महासमिति सदस्यहरु देवराज ढकाल, रमणबहादुर थापा, लुम्बिनी प्रदेशका दक्ष जनशक्ति नीति निर्माण विभागका प्रमुख सन्दिप राना, काँग्रेस क्षेत्र नं. २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी, नेविसंघका पूर्व केन्द्रीय उपाध्यक्ष प्रमोद गुरागाई, काँग्रेस रामपुर नगरका सभापति नेत्र भट्टराई, समानुपातिक उम्मेदवार तारा रसाइली, विद्यार्थी नेता जीवन तिवारी लगायतले आफ्नो धारणा राखेका थिए । नेपाली काँग्रेस प्रतिनिभिसभा क्षेत्र नं १ को आयोजनामा भएको क्षेत्रीय सम्मेलनमा सभापति झमनबहादुर राजमगरको राजनीतिक प्रतिवेदन, सचिव मधु पराजुलीको सांगठनिक र कोषाध्यक्ष डोबराज तिवारीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रम क्षेत्रीय सभापति झमनबहादुर राज मगरको अध्यक्षता, उपसभापति रामबहादुर रानाको स्वागत, सचिव कपिल खाँणको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## न्यूनतम पारिश्रमिक...

...न्यूनतम पारिश्रमिक निर्धारण गर्ने अधिकार प्राप्त स्थानीय तह वा अन्य निकायले मन्त्रालयले तोकेको भन्दा कम नहुने गरी न्यूनतम पारिश्रमिक निर्धारण गर्नुपर्ने उपाध्यक्ष गौतमले बताए । उपाध्यक्ष गौतमले न्यूनतम पारिश्रमिकभन्दा बढी सुविधा पाइरहेका श्रमिकका हकमा न्यूनतम ज्यालालाई आधार मानी सोही अनुपातमा पारिश्रमिक वृद्धि गर्न पनि माग गरे । उद्योग व्यवसाय प्रवर्द्धन गर्नु र श्रमिकको हकहितमा काम गर्नु सरकारको दायित्व रहेको र उद्योगी/व्यवसायीले बढेको पारिश्रमिक खुसीसाथ लागू गर्ने वातावरण सरकारले तयार गरिदिनुपर्ने उनको भनाइ थियो । सामाजिक सुरक्षा कोषमा आवद्ध नभएकालाई कोषमा आवद्ध हुन पनि उनले आह्वान गरे । हालसम्म १८ हजार दुई सय ११ प्रतिष्ठान र ती प्रतिष्ठानमा आबद्ध सात लाख ३८ हजार दुई सय १५ जना श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्ध छन् । पछिल्लोपटक अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका श्रमिक पनि योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समेटिएका छन् । *-रासस*


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

## एसिया कपका लागि अफगानिस्तानको टोली घोषणा



**काठमाडौं,** भदौ ११/आउँदो बुधबारदेखि पाकिस्तानमा सुरु हुने एसिया कप २०२३ का लागि अफगानिस्तानको टोली घोषणा भएको छ । हशमतुल्लाह शाहिदीको कप्तानीमा घोषित १७ सदस्यीय टोलीमा अलराउण्डर करिम जनत र नजिबुल्लाह जद्रानले कमब्याक गरेका छन् ।

करिम जनत ६ वर्षपछि पहिलो पटक ओडीआई खेल्ने लाइनमा छन् । सन् २०१७ मा जिम्बाव्वे विरुद्ध ओडीआईमा डेब्यू गरेयता उनले ओडीआई खेलेका छैनन् । यस्तै पाकिस्तानविरुद्ध सिरिज गुमाएका नजिबुल्लाह पनि एसिया कप खेल्ने टिममा समावेश छन् । यसैगरी २०२२ मा पछिल्लो पटक खेलेमा स्पीन बलिङ अलराउण्डर शरफुद्दिन अस्रफले पनि टिममा स्थान बनाएका छन् । पाकिस्तान विरुद्ध तीन खेलको सिरिजका लागि अफगानी टिममा रहेका वाफादार मोमान्द, अज्मतुल्लाह ओमारजाई, फरिद अहमद र शाहिदुलल्हले भने एसिया कपमा लागि घोषित टिममा स्थान बनाउन सकेनन् । एसिया कपमा अफगानिस्तान समूह बी मा छ । बंगलादेश र श्रीलंका पनि यसै समूहमा छन् । पाकिस्तान र श्रीलंका दुई देशमा हुने एसिया कपमा अफगानिस्तानले समूहको दुवै खेल लाहोरमा खेल्नेछ । अफगानिस्तानले पहिलो खेल सेप्टेम्बर ३ मा बंगलादेशसँग र दोस्रो खेल सेप्टेम्बर ५ मा लाहोरस्थित गद्दाफी स्टेडियममा खेल्नेछ । अफगानि टिममा हशमतुल्लाह शाहिदी (कप्तान), रहमानुल्लाह गुर्बाज, इब्राहिम जद्रान, रियाज हसन, रहमत शाह, नजिबुल्लाह जद्रान, मोहम्मद नावी, इक्रम अलिखिल, रासिद खान, गुल्वादिन नइव, करिम जनत, अब्दुल रहमान, शरफुद्दिन अस्रफ, मुजिउर रहमान, नुर अहमद, मोहमद सालिम र फजलहक फारुकी रहेका छन् ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# पाँच अंकले बढ्यो शेयर बजार



**पाल्पा,** भदौ ११/शेयर कारोबार मापक नेप्से परिसूचक ५ दशमलव शून्य नौ अंकले बढेको छ । आइतबार २० दशमलव ५४ अंकले ओरालो लागेको शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार ५ दशमलव शून्य नौ अंकले बढेर एक हजार नौ सय ९८ दशमलव ४८ विन्दुमा पुगेको हो ।

कारोबार रकम तीन महिनायताकै कम भएको छ । जलविद्युत, उत्पादन, माइक्रोफाइनान्स र अन्य समूहको शेयर सामान्य घटेको छ भने अरू समूहको शेयर सामान्य बढेको छ । सबैभन्दा धेरै कुथेली बुखारी जलविद्युत कम्पनीको शेयर १० प्रतिशत तथा लक्ष्मी सनराइज बैंक र सिटी होटलको शेयर साढे चार प्रतिशतले बढेको छ ।

सबैभन्दा धेरै स्वाभिमान लघुवित्तको शेयर झन्डै साढे चार प्रतिशतले घटेको छ । ३६ लाख ७० हजार कित्ता शेयर ९८ करोड ८६ लाख रुपैयाँमा कारोबार भएका छन् । सबैभन्दा धेरै लक्ष्मी सनराइज बैंकको सात करोड ३१ लाख रुपैयाँको शेयर किनबेच भएको छ । यस्तै गएको जेठ ११ गते यता पहिलो पटक शेयर बजारको कारोबार एक अर्ब रुपैयाँभन्दा कममा सीमित भयो ।

## १५ दिने दावी विरोध सम्बन्धी सूचना

*मिति : २०८०/०५/११*

प्रस्तुत विषयमा साविक तानसेन नगरपालिका वडा नं.८ बर्तुङ्ग ठेगाना भई हाल तानसेन नगरपालिका वडा नं.१, गैरागाउँस्थित रुक बहादुर मिधुनको बुहारी, थमनसिंह मिधुनको श्रीमति सरिता मिधुनको नाममा दर्ता कायम रहेको कित्ता नं. १९४४ क्षेत्रफल ०-३-१-० को जग्गामा घर बनाउन लागेको र उत्तरतर्फको संधीयार विमल समरखाती सम्पर्कमा नआएकाले उक्त हाम्रो जग्गामा घर निर्माणको लागि नक्सा पास हुन नसकेकाले यो सूचना प्रकाशित गरिएको छ । जग्गाधनी सरिता मिधुनले प्रकाशित गरेको सूचना मितिले १५ दिनभित्र सधीयार विमल समरखातीको कुनै दावी विरोध रहेमा स-प्रमाण सहित तानसेन नगरपालिका कार्यालयको नक्सा शाखामा दावी विरोध गर्न आउनुहुन सादर अनुरोध गरिन्छ । अन्यथा सोही बमोजिम नाप नक्सा तथा निर्माण कार्य सूचारु हुने यसै सूचनाबाट जानकारी गराइन्छ । इति सम्वत २०८० साल भाद्र ११ गते रोज २ शुभम्...।



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'


यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



नव जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई